स्थानीय सरकार
Local Government
नेचासल्यान गाउँपालिका
Nechasalyan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural municipal Executive
नेचाबेतघारी, सोलुखुम्बु
Nechabetghari, Solukhumbu

Email:nechasalyan345@gmail.com
info@nechasalyanmun.gov.np
फो.नं.- 038412302

कोशी प्रदेश,नेपाल
Koshi province,Nepal

प.सं. २०८२/८३
च. नं.

## तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना!

(प्रकाशित मितिः २०८२/०८/२९)

प्रस्तुत विषयमा नेचासल्यान गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ र दफा २७ को उपदफा १ र २ तथा नेचासल्यान गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्वन्धी कार्यविधि, २०८१ को दफा ६ र ७ वमोजिमको योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तह वृद्धिका लागि तपसिलमा उल्लेखित कागजात सहित कार्यविधिको अनुसूची-१ वमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन सोही कार्यविधिको दफा ३ वमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम वुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह कायम/वढुवा नियुक्तिको प्रतिलिपि,

ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

घ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

ङ. पेशा सम्वन्धी व्यावसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि, (आवश्यक हुनेको हकमा मात्र)

च. विभागीय सजाय नपाएको, निलम्वनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्वन्धित कार्यालयले गरेको सिफारिस पत्र,

छ. कार्यविधिको दफा (५) वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

नारायण काजी बस्नेत
नि. प्रमुख प्रशासकीय अधिकृत